सरावल गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८२/०८३
च.न.

सरावल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सरावल, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

## सहकारी संस्थाहरूको ऋण(किस्ता/व्याज) भुक्तानी गर्ने सम्वन्धी
## अत्यन्त जरुरी सूचना

मिति:- २०८३/०३/२५

यस सरावल गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरू सहकारीको स्थापित मुल्य, मान्यता र सिद्धान्त अनुरुप अनुशासित, पारदर्शी र दिगो रूपमा सञ्चालन हुनुपर्ने विषय सर्वविदितै छ। पछिल्लो समयमा केही ऋणी सदस्यले सहकारी संस्थावाट ऋण लिई तोकिएको समयमा किस्ता, व्याज तथा अन्य दायित्व भुक्तानी नगर्नुभएको हुदा अशुलीमा आवश्यक सहजिकरणको लागी संस्थाको तर्फवाट यस कार्यालयमा अनुरोध गर्दै आउनुभएको अवस्था छ। यसरी ऋणको किस्ता/व्याज समयमै भुक्तानी नहुदा सहकारी संस्थाहरूमा वित्तीय अनुशासन कमजोर बन्ने र आम सर्वसाधारण बचतकर्ता सदस्यहरूको सहकारी प्रतिको विश्वास कमजोर भई सहकारी अभियानमै गम्भिर संकट उत्पन्न हुन सक्छ।

अत: यस गाउँपालिका अन्तर्गतका विभिन्न सहकारी संस्थाहरूवाट ऋण सुविधा लिनु भएका सम्पूर्ण ऋणी सदस्यले २०८३ असार मसान्तभित्र सम्वन्धित सहकारी संस्थाको कार्यालयमा स्वयं उपस्थित भई वा संस्थासँग तुरुन्त सम्पर्क राखी आफ्नो ऋण सम्झौता बमोजिमको किस्ता, व्याज तथा बाँकी सम्पूर्ण बक्यौता दायित्व अनिवार्य रूपमा भुक्तानी गरी आफ्नो ऋण खाता नियमित गर्नुहुन अनुरोध गरिन्छ।

तोकिएको समय ऋण नियमित नगरेमा सम्वन्धित सहकारी संस्थाले सहकारी ऐन, संस्थाको विनियम, स्वीकृत नीति तथा प्रचलित कानुन अनुसार ऋण सम्झौताको सर्त बमोजिम ऋणीको धितो लिलाम प्रक्रिया अगाडि बढाउने, कालोसूचीमा समावेश गर्ने, बैंक खाता रोक्का गर्ने तथा प्रचलित कानुनबमोजिम अन्य आवश्यक असुलउपरका प्रक्रियाहरू अवलम्बन गर्न बाध्य हुने र उक्त कार्यमा यस कार्यालयको तर्फवाट संस्थालाई आवश्यक सहयोग गरिने वेहोरा समेत यसै सुचना द्वारा जानकारी गराईन्छ।

..........................
श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत